# हलिया अधिकार मञ्चको तेश्रो राष्ट्रिय सम्मेलन २०६९
# कञ्चनपुरबाट जारी भीमदत्तनगर घोषणा–पत्र

नेपालको केन्द्रीकृत र विभेदकारी शासन प्रणालीका कारण जातीय छुवाछूत तथा विभेद जस्ता मानवता विरोधी प्रचलनहरु अहिले पनि विद्यमान छन् । दलित समस्या अन्तरगत हलिया/खलिया तथा हरुवाचरुवा जस्ता सामन्तवादी शोषणमुलक कुप्रथाले गर्दा दलित समुदाय संघीय लोकतान्त्रिक गणतन्त्रमा समेत दोस्रो दर्जाको नागरिकका रुपमा जीवन बिताउन बाध्य छ । हलियाहरुको निरन्तर एक दशक लामो आन्दोलन पश्चात बाध्य भएर नेपाल सरकारले बि.स. २०६५ साल भाद्र २१ गते अनुचित ऋणको खारेजी सहित हलिया मुक्तिको घोषणा गरेको थियो । मुक्तिको घोषणा भएको ५ बर्ष पुगिसक्दा समेत सरकारले हलियाहरुको तथ्याङ्क संकलन कार्य समेत पूरा गर्न सकेको छैन । मुक्त घोषित हलियाहरुलाई विभिन्न आश्वासन प्रदान गरिएपनि कुनै कामहरु भएका छैनन् । यहि सन्दर्भमा नेपाल सरकारलाई मुक्त हलियाहरुको पुन:र्स्थापनाको सवालप्रति थप जिम्मेवारी बनाउन दबाब दिने उद्देश्यले राष्ट्रिय दलित नेटवर्क (RDN) नेपालको सहजीकरण तथा हलिया अधिकार मञ्चको आयोजनामा मुक्त हलिया खलियाहरुको न्यायिक पुन:स्थापना गरौ ! सामाजिक न्यायपुर्ण श्रम सम्बन्ध कायम गरौ !! भन्ने मुल नाराका साथ मिति २०६९ मंसिर ५ देखि १२ सम्म सुदूरपश्चिमाञ्चल बिकास क्षेत्रका ९ वटा जिल्लाका २७ वटा गाबिसबाट शुरु भएको हलिया अधिकार क्याराभान २०६९ को समापन भई हलिया अधिकार मञ्चको तेश्रो राष्ट्रिय सम्मेलनबाट ११ बुँदे माग सहित यो भीमदत्तनगर घोषणा पत्र जारी गरिएको छ ।

**यो सम्मेलन :**

१) नेपाल सरकारले बि.स. २०६५ भाद्र २१ गते हलिया मुक्तिको घोषणा गरेतापनि हालसम्म न्यायिक पुनर्स्थापना हुन नसक्दा उनीहरुको आर्थिक, राजनीतिक, सामाजिक र सांस्कृतिक अवस्था झन कष्टकर बन्दै गईरहेको परिपेक्षमा नेपाल सरकारलाई हलिया पुन:स्थापनाको कार्य उच्च प्राथमिकताकासाथ अभियानका रुपमा लिन जोडदार माग गर्दछौं ।

२) हलियाको पुन:स्थापनाका लागि विभिन्न कम्पनी, नगरपालिका, गाविस, नगरविकास समिति र अन्य स्वामित्वमा भएका सरकारी, ऐलानी तथा प्रति जमिन मुक्त हलियाका नाममा दर्ता गर्न सक्ने गरी भूमिसुधार तथा मालपोत कार्यालयलाई अधिकार प्रदान गरियोस् । साथै मुक्त हलियाहरु बस्दै आएको जमिन उनीहरुकै नाममा दर्ता गरी पुनर्स्थापनालाई उच्च प्राथमिकता दिई अभियानकै रुपमा संचालन गर्न माग गर्दछ ।

३) मुक्त हलिया खलियाहरुको अलग्गै तथ्यांक व्यवस्थापन प्रणाली (Data Management System) को व्यवस्था गरी स्वदेशी तथा विदेशी रोजगारीका लागि स्थानीय देखि केन्द्रीय स्तरमा रोजगार सम्पर्क केन्द्रको स्थापना गरियोस् । साथै मुक्त हलिया स्वरोजगार कार्यक्रम लागू गर्न माग गर्दछ ।

४) मुक्त हलियामा खलियाहरुलाई समेत समेट्ने गरी प्राप्त १९०५९ को संख्यालाई वैज्ञानिक प्रमाणीकरण गरी तत्काल सम्पूर्ण मुक्त घोषित हलिया तथा खलियाहरुलाई परिचय पत्र वितरण गरियोस । साथै छुट भएका हलियाको पुन: तथ्यांक संकलन गर्न माग गर्दछ ।

५) हलिया मुक्तिको घोषणा गरिएको ५ वर्ष बित्न लाग्दा समेत हलिया पुन:स्थापनामा सरकारले गम्भिर लापर्वाही गरी गम्भिर विभेद समेत गरेको निश्कर्ष निकाल्दै नेपाल सरकार भूमिसुधारमंत्रालयले हाल आएर कानून मंत्रालयको हवाला दिदै बांधा मजदूर सम्बन्धी एकीकृत कानून निर्माण गर्ने दुश्प्रयास गरिएकोले घोर भर्त्सना गर्दै तत्काल हलिया तथा बधुंवा मजदूर सम्बन्धी श्रम (निषेध गर्न) बनेको ऐन तथा पुन:स्थापना सम्बन्धी निर्देशीका तत्काल प्रक्रिया पूरा गरी अध्यादेश मार्फत जारी गरियोस । साथै ५ वर्षसम्म सरकारले कुनै प्रभावकारी पुन:स्थापना नगरेको र लापर्वाही गरेको हुनाले ५ वर्षको क्षेतिपूर्ति वापत कम्तिमा ५ लाख रुपियां एकमुष्ट उपलब्ध गराउन माग गर्दछ ।

६) नेपाल सरकारद्धारा गठीत हलिया पुर्नस्थापना तथा अनुगमन समितिमा केन्द्रीय, जिल्ला र गाविस स्तरमा हलिया अधिकारको क्षेत्रमा काम गर्ने पहिलो संगठन राष्ट्रिय दलित नेटवर्क (RDN) नेपाल र हलियाको पहिलो संगठन हलिया अधिकार मंचको प्रतिनिधित्व हुने गरी तत्काल पुनःगर्ठन गर्न जोडदार माग गर्दछ ।

७) हलिया मुक्तिको घोषणा हुनुपूर्व जिल्ला प्रशासन कार्यालयमा मुद्दा दर्ता गरी कानूनी रुपमा मुक्त भएका हलियाहरुको स्रोतः परिचय पत्र प्रदान गरी मुक्त हलियाहरुको सही पहिचानका लागि हरेक गाविस तथा नगरपालिकामा राजनीतिक दल, सरकारी निकाय, हलिया संगठन तथा हलियाको क्षेत्रमा कार्यरत संघ/संगठनहरुको सहभागिता हुने गरी मुक्त हलिया पहिचान तथा सिफारिश गठन गर्न जोडदार माग गर्दछ ।

८) मुक्त हलियाको तथ्यांकसंकलनतथापरिचय पत्र वितरणका क्रममासहीव्यक्तिहरुकोतथ्यांक छुट हुनु, हलिया महिलाको नाममा परिचय पत्र वितरण नहुनु, परिचय पत्र वितरण पश्चात दिइने सुविधा सुनिश्चित नहुनु, पुनःस्थपनाको प्रक्रियामा राजनीतिक दलहरुको सहभागितालाई वेवास्ता गर्नु, हालसम्म पनि राहत तथा पुनःस्थापनाको कुनै प्याकेज निर्माण गरी लागू नहुनु, मुक्त हलिया पुनःस्थापना सम्बन्धी कार्यविधि हलिया पुनःस्थापनाको लागि अव्यवहारिक बनेको साथै हलिया पुनःर्स्थापनाका सवालमा सरकार गम्भिर नभई गैससहरुको सिण्डीकेट कायम गरिएकोले तत्काल सुधार गर्न जोडदार माग गर्दछ ।

९) हरेक गाविसबाट गाउँ परिषदबाट विनियोजन गरिने १५% समावेशी बजेटलाई हलिया तथा खलियाको प्रभावकारी पुनःस्थापनाका लागि गाविसको विशेषता तथा क्षमतामा एकीकृत प्याकेज बनाई उनीहरुको आय आर्जनमा प्रबर्द्धन हुने खालको योजना निर्माण गर्नका लागि सम्बन्धित्पक्षलाई जोडदार माग गर्दछ ।

१०) दलित समुदायका परम्परागत व्यावसायिक (आरन, बेतबास, सिलाई-कटाई र छाला जुत्ता) पेशाहरुको आधुनिक सिप सम्बन्धी तालिम दिलाई उनीहरुको उत्पादित बस्तुलाई बिक्रि गर्नका लागि बजारको समेत व्यवस्था गर्न माग गर्दछ ।

११) जेष्ठ १४ गते संविधान जारी नगरी संविधान सभाको विघटन भएपछि मुलुकमा विद्यमान संवैधानिक तथा राजनतिक संकटका कारण दलित, हलिया लगायत राज्य तथा समाजद्धारा जवरजस्ती बहिष्करणमा पारिएका समुदायलाई सबैभन्दा बढी मार्कामा परेको निश्कर्ष निकाल्दै सार्थक वार्ताद्धारा राष्ट्रिय सहमतिको सरकार निर्माण गरी तत्काल दलितमंत्री संविधान निर्माण प्रक्रियाको थालनी गर्न जोडदार माग गर्दछ ।

**उक्त सम्पूर्ण मागहरु पूरा गर्न र कार्यान्वयन जोड दिन संगठीत हुन प्रतिबद्धता जाहेर गर्दछौं ।**

**शोक प्रस्ताव :**

१) कैलाली जिल्ला धनगढी नगरपालिका वडा नं. १२, जुगेडा निवासी मुक्त हलिया पौने कामीको असामयिक निधनले हामीलाई स्तब्ध बनाएको छ । उहाँको निधनप्रति हामी सम्पूर्ण हलिया अधिकारकर्मीहरुका तर्फबाट हार्दिक श्रद्धान्जली व्यक्त गर्दै शोक सन्तब्ध परिवारजनप्रति हार्दिक समवेदना समेत प्रकट गर्दछौं ।

..